# WIC कार्यक्रमका नियमहरू

***WIC कार्यक्रमका नियमहरूले WIC ले कसरी काम गर्छ भनेर तपाईंलाई बुझाउन सहयोग गर्नेछ । कृपया नियमहरू पालना गर्नुहोस् ।*** नियमहरू पालन गर्न नसकेको खण्डमा तपाईं WIC का लागि 12 महिनासम्म अयोग्य बन्न सक्नुहुन्छ। साथै, आफूले प्रयोग गरेको WIC चेकको मूल्य बराबरको रकम तपाईंले WIC लाई तिर्नु पर्ने हुन सक्छ। तपाईंसँग नियमहरूको बारेमा कुनै पनि प्रश्न छ भने **कृपया** WIC को कार्यालयमा सम्पर्क गर्नुहोस् । कर्मचारी तपाईंलाई सहयोग गर्न पाउँदा खुसी हुनेछन्।

***गर्नु हुने***

- सही र सत्य सूचना दिनुहोस्।
- चेकमा छापिएको मिति भित्र WIC को चेक साट्नुहोस्।
- WIC ले स्वीकृत गरेको खानाको लागि मात्र WIC को चेक साट्नुहोस्।
- किराना पसलमा मात्र WIC को चेक साट्नुहोस् र चेकमा हस्ताक्षर गर्नुहोस्।
- हराएको वा चोरी भएको WIC को चेकको बारेमा WIC को कार्यालयलाई तुरुन्तै खबर गर्नुहोस्।
- आफ्नो WIC अपोइन्टमेट (भेटघाट) पूरा गर्नुहोस् वा भेटघाट फेरि निर्धारित गर्न WIC को कार्यालयलाई सम्पर्क गर्नुहोस्।
- प्रत्येक प्रमाणीकरण अपोइन्टमेटमा आफ्नो बच्चा र बच्चाको खोपको अभिलेख ल्याउनुहोस्।
- प्रमाणीकरण अपोइन्टमेटमा परिचय पत्र (Id), ठेगाना खुलाउने प्रमाण, र आफ्नो घरको कुल आय खुलाउने प्रमाण साथमा ल्याउनुहोस्।
- आफ्नो बच्चाको हेरचाहको सम्झौता र ठेगानामा आएको कुनै पनि परिवर्तनको बारेमा WIC लाई तुरुन्तै सूचित गर्नुहोस्।
- आफू WIC को कार्यालय वा किराना पसलमा जान नसकेको अवस्थामा आफ्नो लागि WIC चेक लिने र साट्ने व्यक्ति(प्रतिनिधि) रोज्नुहोस्। तपाईंका प्रतिनिधिलाई *WIC* का कर्मचारीले *WIC* चेक कसरी प्रयोग गर्ने भनेर तालिम दिने छन्।
- WIC र किराना पसलका कर्मचारीसँग भद्र व्यवहार देखाउनुहोस्।
- WIC खाद्यान्न वा फर्मूला बेच्न वा साट्न चाहनुहुन्छ भने खाद्यान्न वा फर्मूलाको व्यक्तिगत खरिद (आफ्नै पैसाले किनेको)को बिक्री रसिद राख्नुहोस्।

***गर्न नहुने***

- WIC चेक, खाद्यान्न वा फर्मूला अरूलाई नदिनुहोस्।
- WIC चेक, खाद्यान्न वा फर्मूला नगद, ऋण वा अन्य सामाग्रीसँग अनलाइनमा समेत नबेच्नुहोस् वा नसाट्नुहोस्।
- हराएको वा चोरिएको भनी खबर गरिएको WIC चेक नसाट्नुहोस्।
- आफूसँग नबस्ने बच्चाको WIC चेक नसाट्नुहोस्।
- WIC चेक वा आफ्नो परिचय पत्र केही परिवर्तन नगर्नुहोस्।
- WIC ले अनुमोदन गरेको आफ्ना प्रतिनिधि बाहेकलाई आफ्नो WIC चेक र परिचय पत्र प्रयोग गर्न अनुमित नदिनुहोस्। तपाईंका प्रतिनिधिले तपाईंको WIC चेक प्रयोग गरेर केही गलत काम गरे भने, तपाईंलाई WIC मा सहभागी हुनबाट वञ्चित गरिन सक्छ।
- एकै समयावधिमा पेन्सेल्विनायमा होस् वा अर्को राज्यमा होस्, WIC को एउटाभन्दा धेरै WIC साइटमा सहभागी नहुनुहोस् ।

- WIC को वर्तमान खाद्यान्न सूचिमा नभएका कुनै पनि खाना खरिद गर्ने प्रयास नगर्नुहोस् ।
- WIC कार्यक्रमबाट प्राप्त गरेको ब्रेस्ट पम्प नबेच्नुहोस्, अरूलाई नदिनुहोस् वा नसाट्नुहोस् ।

संघीय नागरिक अधिकारको कानून र अमेरिकी कृषि विभाग (USDA) को निर्देशिका तथा नीतिहरू अनुसार, USDA का कार्यक्रममा सहभागी वा USDA का कार्यक्रम प्रशासित गर्ने USDA, यसका एजेन्सी, कार्यालय, कर्मचारीहरू र सहभागी संस्थाहरूलाई जाति, रंग, राष्ट्रियताको उत्पति, लिङ्क, अशक्तता, उमेर, वा नागरिक अधिकारको संलग्नताको प्रतिशोधको आधारमा USDA ले आयोजना वा वित्तीय सहयोग प्रदान गरेको कुनै पनि कार्यक्रम वा गतिविधिमा भेदभाव गर्न मनाही गरिएको छ ।

कार्यक्रमको सूचना (जस्तै ब्रेल, ठूलो मुद्रण, अडियोटेप, अमेरिकन साङ्केतिक भाषा, आदि) को वैकल्पिक संचार माध्यम आवश्यक पर्ने अशक्तता भएका व्यक्तिहरूले आफूले सुविधाको आवेदन दिएको एजेन्सी (राज्य वा स्थानीय) लाई सम्पर्क गर्नु पर्ने हुन्छ । बहिरा, श्रवण शक्ति कमजोर भएका र बोल्न नसक्ने व्यक्तिहरूले Federal Relay Service को (800) 877-8339 नम्बर मार्फत USDA लाई सम्पर्क गर्न सक्छन् । यसका अतिरिक्त, कार्यक्रमको सूचना अङ्ग्रेजी बाहेकका अरू भाषाहरूमा पनि उपलब्ध गराइन सक्छ ।

कार्यक्रमको भेदभावको उजुरी दायर गर्न http://www.ascr.usda.gov/complaint_filing_cust.html मा अनलाइन र USDA को कुनै पनि कार्यालयमा उपलब्ध USDA कार्यक्रमको भेदभाव उजुरी फाराम (AD-3027) पूरा गर्नुहोस् वा फाराममा अनुरोध गरिएका सबै जानकारीहरू संलग्न गर्नुहोस् र USDA लाई सम्बोधन गरेर एउटा पत्र लेख्नुहोस् । उजुरी फारामको प्रतिलिपि अनुरोध गर्न, (866) 632-9992 मा टेलिफोन गर्नुहोस् । USDA मा निम्न तरिकाले पूरा गरेको फाराम वा पत्र पेस गर्नुहोस् ।

(1) हुलाक: U.S. Department of Agriculture
Office of the Assistant Secretary for Civil Rights
1400 Independence Avenue, SW
Washington, D.C. 20250-9410;

(2) फ्याक्स: (202) 690-7442; or

(3) इमेल: program.intake@usda.gov.

यो संस्था समान अवसर प्रदायक हो ।